# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड १) मुसिकोट,गुल्मी,चैत्र १५ गते,२०७४ साल (संख्याः २०

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि, २०७४

मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४" को दफा ३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मुसिकोट नगर कार्यपालिकाले वनाएको देहायको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि, २०७४

**प्रस्तावना**

प्राकृतिक तथा अन्य कारणले हरेक वर्ष हुने बाढी पहिरो,महामारी,झाडा पखाला, आगलागी र भूकम्प जस्ता विपद वाट सिर्जना हुने भौतिक एवं मानवीय क्षतिलाई न्युनिकरण गर्न तथा राहत, उद्दार कार्यका लागि विषद कोषबाट गरिने खर्चलाई पारदर्शी र प्रभावकारी बनाउन स्थानीय सरकार सन्चालन ऐन, २०७४ तथा मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४" को दफा ३ बमोजिम नगरपालिकाको कोषमा जम्मा भएको रकम नगरपालिका विपद् कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि मुसिकोट नगर कार्यपालिकाले "विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि २०७४" जारी गरी लागु गरेको छ ।

## परिच्छेद — १

## संक्षिप्त नाम र प्रारम्भ

(१) **संक्षिप्त नाम :–** (१)यस कार्यविधीको नाम "मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि २०७४" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद —२

## परिभाषा

(२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) " विपद् कोष" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मुसिकोट नगरपालिकामा स्थापित विपद् कोष बुझिनेछ ।

(ख) “कार्यविधि” भन्नाले नगरपालिकाको “विपद् व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि २०७४” लाई बुझाउने छ ।

(ग) “व्यवस्थापन समिति” भन्नाले दफा (५) बमोजिम गठन हुने समितिलाई बुझाउँछ ।

(घ) “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिकाको कार्यालय, गुल्मीलाई जनाउँछ ।

(ङ) “विपद्” भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(च)“प्राकृतिक विपद्”भन्नाले बाढी,पहिरो,अतिवृष्टि,अनावृष्टि,खडेरी, आँधी, असिनापानी,भूकम्प,ज्वालामुखी विष्फोट, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(छ) “गैर प्राकृतिक विपद्” भन्नाले महामारी,अनिकाल,डढेलो,कीट आतङ्क,वर्डफ्लू,सर्पदंश,जनावर आतङ्क खानी दुर्घटना,औद्योगिक दुर्घटना, आगलागी,विषाक्त ग्यास वा रसायन चुहावट,विकिरण,ग्यास विष्फोटन विशाक्त खाद्य सेवन,वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाको क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

मुसिकोट राजपत्र

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण,विपद् पूर्वतयारी,विपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(झ)" विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन,विपद् रोकथाम,विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूल प्रवाहीकरणसंग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) "पूर्व तयारी" भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद — ३

## उदेश्यहरु

**(३) कार्यविधका उद्देश्यहरु** :–यस कार्यविधका उद्देश्यहरु निम्न हुनेछन :–

(क) विपद्धा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु ।

मुसिकोट राजपत्र

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलब्ध गराउनु ।

(छ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(ज) विपद् सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्थापन गर्नु ।

## परिच्छेद — ४

## व्यवस्थापन समिति गठन

(४) व्यवस्थापन समिति गठनः (१)विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि २०७४ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक व्यवस्थापन समिति रहनेछ ।

- नगरपालिका प्रमुख –संयोजक
- नगरपालिका उपप्रमुख –सदस्य
- प्रमुख प्रशासकीय अधिकृत –सदस्य
- वडा अध्यक्षहरु – सदस्य
- वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक –सदस्य
- स्थानीय प्रहरीचौकीका प्रतिनिधि –सदस्य
- इन्जिनियर/प्राविधिक शाखा प्रमुख –सदस्य
- नेपाल रेडक्रस सोसाइटी नगर शाखा प्रतिनिधि –सदस्य
- नगरपालिकाको स्वास्थ्य संयोजक –सदस्य
- लेखा शाखा प्रमुख –सदस्य सचिव

व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

(२) समितिको काम कर्तव्य र अधिकार

- नगरपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- नगरपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी नगर सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारी गर्नु पर्ने योजना र आवश्यक व्यवस्थापन गर्ने।
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने ।

## परिच्छेद—५

## समितिको बैठक र गणपुरक संख्या

(५) **समितिको बैठकः**(१) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

(६) **गणपुरक संख्याः**(१)समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा प्रमुखले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ र प्रमुखले गरेको निर्णय वा निर्देशन समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ ।

## परिच्छेद—६

## कोषको स्थापना र सञ्चालन

(७) **कोषको स्थापनाः**(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) नगरपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्तभएको सहयोग रकम ।

(घ) अन्य स्रोत

(८) **कोषको सञ्चालन** : (१)यस कोषका लागि विनियोजित रकम नगरपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी रु. ५००० सम्मको लागि वडा समिति, रु. २५००० सम्मको लागि नगर प्रमुखको सिफारिस र रु. २५,००० भन्दा माथीको लागि नगर कार्यपालिकाको निर्णय वमोजिम हुनेछ

(२) यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(३) लेखा परीक्षणः यस कोषको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखापरीक्षण नियमानुसार गरिनेछ ।

## परिच्छेद — ७

## उद्धार तयारी व्यवस्थापनः

(९) उद्दार तयारी व्यवस्थापन :

(क) विपद्को जोखिममा रहेको क्षेत्रको नक्साङ्कन गर्ने ।

(ख) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न,औषधी एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिइ नगरपालिकामा विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(घ) विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय,स्वास्थ्य केन्द्र वाहेक

तत्कालका लागि अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुलाक्षेत्रहरु प्रयोग गर्ने ।

## परिच्छेद — ८

## आपतकालिन उद्धार तथा राहत वितरण ः

**(१०) आपतकालिन राहत तथा उद्धारः**

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. २५,०००। का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने ।

(ख) विपदबाट घर गोठ पूर्णरुपमा नष्ट भएका परिवारलाई रु. ५०००।, आंशिक घरगोठक्षति भएमा क्षतिको विवरण हेरी तत्काल मर्मतको लागि रु ३०००। सम्म प्रति परिवार राहत सहयोग उपलव्ध गराउने ।

(ग) विपद्को घटनामा परी घाइते भएकालाई अस्पतालबाट उपचार गर्न स्वास्थ्य कर्मीको सिफारिसमा प्रति व्यक्ति रु ३०००।यातायात खर्च दिइनेछ ।

(घ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन,आवश्यक सहयोग र समन्वय गर्ने ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलव्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलव्ध गराउनु पर्ने तोकिएको राहत रकम प्रमुखको लिखित स्विकृतिमा उपलब्ध गराउन सकिनेछ तर कार्यविधिको अधिनमा रहि प्रमुखवाट तत्काल राहत रकमउपलब्ध गराउदा अरु कसैको स्विकृती आवश्यक हुने छैन । यसरी उपलब्ध गराएको रकम अनुमोदनका लागि आवश्यक कागजातसहित समितिमा पेश गर्नुपर्नेछ ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३५ दिन भित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस

मुसिकोट राजपत्र

समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन समेत आवश्यक पर्नेछ ।

**परिच्छेद — ९**

**अनुगमन तथा प्रतिवेदन सम्वन्धमा**

(११) **अनुगमन तथा प्रतिवेदन** : (१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि नगरपालिकाबाट अनुगमन गरिनेछ ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**परिच्छेद — १०**

**संशोधन खारेजी तथा बचाउ :**

(१२) **संशोधन तथा परिमार्जन** : (१) नगरपालिका विपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

(१३) **खारेजी तथा बचाउ:** (१)यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै वमोजिम र अन्यमा प्रचलित कानून वमोजिम हुनेछ ।

(२)यो कार्यविधि संविधान तथा अन्य प्रचलित कानुनसंग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) यो कार्यविधि लागु हुनु भन्दा अघी भए गरेका यस कार्यविधि संग सम्वन्धीत काम कारवाहीहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

**प्रमाणिकरण मिति** : २०७४।१२।१०

**आज्ञाले,**
**घनश्याम न्यैपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्य रू।१०**

मुसिकोट राजपत्र